# निम्न माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

शिक्षाशास्त्र सङ्काय अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विषयको स्नातकोत्तर तह (एम. एड.)

दोस्रो वर्ष अन्तर्गत आंशिक आवश्यकता पुरा गर्नको निमित्त तयार पारिएको

शोधपत्र

पा.मू. ३९२

शोधकर्ता

गणेश प्रसाद जोशी

परीक्षा रोल नं. : २८००२५/२०६७

त्रि.वि. दर्ता नं. ९-२-३२७-१४६-२००५

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रीय विभाग

पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग

कीर्तिपुर, काठमाडौं

२०६९

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**(पाठ्यक्रम तथा मूल्याङ्कन विभाग)**

**सिफारिस पत्र**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, स्नाकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयका छात्र श्री गणेश प्रशाद जोशीले मेरो प्रत्यक्ष निर्देशनमा रही "**निम्न माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था**" शीर्षकमा तयार गरेको शोधपत्र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

............................

प्रा.डा. तीर्थराज पराजुली

शोध निर्देशक

मिति : २०६९/०४/१९/०६

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**(पाठ्यक्रम तथा मूल्याङ्कन विभाग)**

**स्वीकृति पत्र**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रिय विभाग, कीर्तिपुर स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयका छात्र गणेश प्रशाद जोशीले "**निम्न माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था**" शीर्षकको शोधपत्र मूल्याङ्कन समितिले स्वीकृत गरेको छ ।

**मूल्याङ्कन समिति** **हस्ताक्षर**

प्रा. स्वयम् प्रकाश जवरा ...............................
(विभाग प्रमुख)

प्रा.डा.तीर्थराज पराजुली ...............................
(शोध निर्देशक)

उप.प्रा. शिवराज बढू ..............................
(बाह्य परिक्षक)

मिति : २०६९/०४/२८/०१

# कृतज्ञताज्ञापन

यस अध्ययनको लागि आफ्नो अति व्यस्त र अमूल्य समयका बाबजुद पनि समय मिलाई निर्देशन, सल्लाह, सुझाव र सदैब उत्प्रेरणा प्रदान गरी पथप्रदर्शन गर्नु हुने श्रद्धेय गुरु एवम् शोध निर्देशक प्रा.डा. तीर्थराज पराजुली प्रति हृदय देखि नै आभार व्यक्त गर्दछु । त्यसै गरी विभागीय प्रमुख प्रा. स्वमं प्रकाश ज.व.रा., उप. प्रा. किरणराम रञ्जितकार उप.प्रा. शिवराज बढू, उप.प्रा. यशोधरा पन्त. उप प्रा विश्ववाला थापा प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा सहयोग पुऱ्याउने कैलाली जिल्ला, मसूरिया गा.वि.स. वडा नं. ४ मा अवस्थित सामुदायिक विद्यालय श्री जनप्रिय उच्च मा.वि.का प्र.अ. श्री जंगबहादुर देउवा, शिक्षक श्री प्रेमबहादुर सिंह, श्री हेमन्तराज ओझा र श्री शुभकान्त शर्मा लगायत विद्यार्थी तथा सम्पूर्ण विद्यालय परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यस अध्ययनमा सहयोग गर्ने साथीहरू, रमेश जोशी, केशव जोशी, तुलाराम साउद, रोमाकान्त उपाध्याय, वेग बहादुर काफ्ले, महेश राज जोशी, नवराज देवकोटा, सुरेन्द्र भण्डारी, खगेन्द्र सिग्देल, माधव न्यौपाने, रामचन्द्र पौडेल, सरीता पाठक, डेजी सुवेदी, हर्कमती जोशी, अमृता काफ्ले र राधा भण्डारी लगायत सम्पूर्ण साथीहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

यस अध्ययनमा आफ्ना अमूल्य विचार दिने विद्यालय निरीक्षक श्री विरबहादुर नेपाली ज्यूप्रति पनि धन्यवाद व्यक्त गर्दछु । त्यस्तै मलाई उच्च शिक्षा हासिल गरी यस शोधकार्यसम्म सदैव सहयोग र हौसला प्रदान गरी आजसम्म अनवरत रूपमाआर्थिक सहयोग गर्ने मेरा पुजनीय बुवा आमाप्रति हार्दिक कृतज्ञताव्यक्त गर्दछु र यसै गरी मलाई हरतरहले सहयोग पुऱ्याउने मेरा प्यारा भाईहरू दिपक जोशी र नवराज जोशीलाई हृदयदेखि धन्यवाद नदिईरहन सक्दिन ।

यस अध्ययन कार्यको लागि कम्प्युटर टाईप गरी अध्ययनको ढाँचा तयार पार्न सहयोग पुऱ्याउने सुनेश फोटोकपी एण्ड कम्प्युटर सर्भिस, कीर्तिपुर पाङ्गाका आदरणिय दाजु सुनेश श्रेष्ठ र नरेश महर्जनलाई धन्यवाद दिन चाहन्छु ।

गणेश प्रसाद जोशी

# शोधसार


पाठ्यक्रम दस्तावेज निर्धारित उद्देश्य प्राप्ति त्यसको कार्यान्वयनमा निर्भर गर्दछ । तसर्थ यस "**निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था**" शीर्षकमा गरिएको अध्ययनका मुख्य उद्देश्यहरू उक्त तहको सामाजिक विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था पत्ता लगाउनु र पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या पत्ता लगाउनु रहेका थिए ।

यो अध्ययन कैलाली जिल्ला मसुरिया गा.वि.स. वडा नं. ४ मा अवस्थित सामुदायिक विद्यालय श्री जनप्रिय उच्च माध्यमिक विद्यालयमा गरिएको थियो । सूचना संकलनका लागि वि.नि., प्र.अ. र शिक्षक खुल्ला अन्तवार्ता प्रश्नावली, कक्षा अवलोकन फाराम र विद्यार्थी समूह छलफल निर्देशिकाको प्रयोग गरिएको थियो । कक्षा ६, ७ र ८ का तीनवटा कक्षाहरू केहि दिनको समयावधि राखि अवलोकन गरिएको थियो. । सोही विद्यालयका प्रधानाध्यापक र तीन जना सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षक र विद्यालय निरीक्षकसँग अन्तवार्ता लिइएको थियो । यस्तै लक्षित समूह छलफलमा लागि प्रत्येक कक्षा (कक्षा ६, ७ र ८) बाट १०/१० जनाको समूह छलफल गरिएको थियो ।

यस अध्ययनको प्राप्तीमा छनोटमा परेका ३ जना सामाजिक अध्ययन विषयलाई अध्यापन गर्ने शिक्षकहरूले शिक्षाशास्त्र संकायबाट आवश्यक न्यूनतम योग्यता पुरा गरेको पाइयो । शिक्षकहरूमा शिक्षाशास्त्र संकायबाट एम.एड., वि.एड. र आई.एड. गरेका अध्यापन अनुमति प्राप्त गरेका र तिनै जना शिक्षक अनुभव पनि १० वर्ष वा सोभन्दा माथि नै भएका पाइयो । विषय विशिष्टीकरण हेर्दा कुनै पनि शिक्षकले सामाजिक अध्ययन विषय लिई उत्तीर्ण गरेको पाइएन । पाठयोजना निर्माणको सन्दर्भमा हेर्दा कुनै पनि शिक्षकले लिखित रूपमा तयार नगरेको र शैक्षिक सामग्री निर्माण र प्रयोग पनि नगरिकनै शिक्षण गरेको पाइयो । शिक्षण गर्दा प्रश्नोत्तर, व्याख्यान विधिको बढी प्रयोग हुने गरेको पाइयो । प्रधानाध्यापकले नियमित रूपमा कक्षा अवलोकन गर्न नसकेको पाइयो । विद्यार्थीको अत्यधिक चापका कारण, विद्यालयमा भौतिक पूर्वाधारको अभाव रहेको पाइयो । विद्यार्थी संख्या बढी भए पनि शिक्षकले बढो सौहार्द वातावरणका साथ अध्ययन अध्यापन गराउँदै आएको पाईयो । विद्यार्थीहरू पनि शिक्षक प्रति मर्यादित, पढाईमा मिहेनती, अनुशासीत तवरले अध्ययन गरिरहेको पाइयो । मूल्याङ्कन प्रक्रियाको रूपमा सावधिक परीक्षाहरू (प्रथम त्रैमासिक, अर्धवार्षिक र वार्षिक) लिने गरिएको र साथै कक्षामा गृहकार्य पनि कहिले काहिँ दिने गरेको तर त्यसमो पृष्ठपोषण नदिइएको देखियो ।

यस अध्ययनमा निम्न माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयन गराउँदा थुप्रै समस्याहरू देखापरे । खास गरी पाठ्यक्रम कार्यान्वयन गर्दा शैक्षिक

सामग्रीको अभाव, भौतिक पूर्वाधारको अभाव, विद्यार्थीको अत्यधिक चाप, अभिमुखिकरणको कमी शिक्षक केन्द्रित शिक्षण विधिले कक्षामा बढी स्थान पाउनु, भौगोलिक एवम् सामाजिक भ्रमणको अप्रयाप्तता आदि समस्याहरू रहेको पाइयो । यी सबै समस्याहरूका बाबजुद पनि यस विद्यालयमा सामाजिक अधययन विषयको पाठ्यक्रम कार्यान्वयन भई राखेको स्थिति पाइयो । यसरी यी र यस्ता विभिन्न समस्याहरूले गर्दा पाठ्यक्रम कार्यान्वयन गर्न कठिनाई उत्पन्न हुन्छ र शैक्षिक उपलब्धिस्तर कमजोर रहेको पाइन्छ । त्यसका निम्ति सम्बन्धित सरोकारवाला सबैले समयमा नै आफ्नो कार्ययोजना मार्फत कार्यविधि अगाडि राखेको खण्डमा सामाजिक अध्ययन जस्तो परिवर्तनशील एवम् एकीकृत पाठ्यक्रम कार्यान्वयनमा सुधार हुनुका साथै राखेका उद्देश्यहरू प्राप्त गरी दक्ष एवम् उपलब्धी मूलक जनशक्ति उपलब्ध हुनेमा विश्वास राख्न सकिन्छ र पाठ्यक्रम कार्यान्वयनमा आएका समस्या समाधानका साथै उद्देश्य एवं लक्ष्य प्राप्तिमा सजिलो हुनेछ ।

## विषयसूची


**सिफारिस पत्र** I

**स्वीकृति पत्र** II

**कृतज्ञताज्ञापन** III

**शोधसार** IV

**सङ्क्षिप्त शब्दावली** VI

**तालिका सूची** X

**परिच्छेद एक**

**परिचय** १–८

१.१ अध्ययनको पृष्ठभूमी १

१.२ समस्याको कथन ५

१.३ अनुसन्धानात्मक प्रश्न ५

१.४ अध्ययनको औचित्य ६

१.५ अध्ययनको उद्देश्य ७

१.६ अध्ययनको सीमाङ्कन ७

१.७ शब्दहरूको परिभाषा ८

**परिच्छेद दुई**

**पूर्व साहित्यको पुनरावलोकन** ९–१८

२.१ अध्ययनको सैद्धान्तिक आधार ९

२.१.१ पाठ्यक्रम कार्यान्वयनको अर्थ ९

२.१.२ पाठ्यक्रम कार्यान्वयनका चरणहरू १०

२.१.३ पाठ्यक्रम कार्यान्वयनका नमूनाहरू ११

२.१.४ पाठ्यक्रम कार्यान्वयन गराउने रणनीतिहरू १३

२.२ सम्बन्धित अध्ययनहरूको समीक्षा १७

२.३ अवधारणात्मक ढाँचा १८

**परिच्छेद तीन**

**अध्ययन विधि** १९–२५

३.१ अनुसन्धान ढाँचा १९

३.२ नमूना छनोट २०

३.२.१ विद्यालय छनोट २१

३.२.२ प्रधानाध्यापक र शिक्षकको छनं VII २१

३.२.३ विद्यार्थीहरूको छनोट २२

३.२.४ विद्यालय निरीक्षकको छनोट २२

३.२.४ कक्षा छनोट २२

३.३ तथ्याङ्क सङ्कलनका साधनहरू २२

३.३.१ अन्तवार्ता प्रश्नावली २३

३.३.२ विद्यार्थीका लागि समूह छलफल निर्देशिका २३

३.३.३ कक्षा अवलोकन फाराम २४

३.४ साधनको वैधता निर्धारण २४

३.५ सूचना सङ्कलन प्रक्रिया २५

३.६ सूचनाको विश्लेषण प्रक्रिया २५

**परिच्छेद चार**

**तथ्याङ्कको विश्लेषण र व्याख्या** २६–४०

४.१ सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था २६

४.१.१ शिक्षकको व्यवस्थापन २६

४.१.२ पाठ्यक्रम कार्यान्यनको योजना २७

४.१.३ शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोग २९

४.१.४ शैक्षिक सामग्रीको प्रयोगको अवस्था ३१

४.१.५ शिक्षण विधिहरूको प्रयोगको अवस्था ३२

४.१.६ शिक्षक क्रियाकलाप ३३

४.१.७ विद्यार्थी क्रियाकलाप ३५

४.१.८ मूल्याङ्कन तरिका ३६

४.२ पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू ३७

**परिच्छेद पाँच**

**प्राप्ति, निष्कर्ष र सुझाव** ४१–४५

५.१ प्राप्ति ४१

५.१.१ शिक्षकको योग्यता तथा अनुभव सम्बन्धमा ४१

५.१.२ पाठ्यक्रम कार्यान्वयनको योजना सम्बन्धमा ४१

५.१.३ शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोग सम्बन्धमा ४१

५.१.४ शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग सम्बन्धमा ४२

५.१.५ शिक्षण विधिहरूको प्रयोगको अवस्था सम्बन्धमा ४२
५.१.६ शिक्षक क्रियाकलाप सम्बन्धम VIII ४२
५.१.७ विद्यार्थी क्रियाकलाप सम्बन्धम. ४२
५.१.८ मूल्याङ्कन तरिका सम्बन्धमा ४२
५.२ निष्कर्ष ४३
५.३ सुझावहरू ४४
सन्दर्भग्रन्थसूची ४६-४७
अनुसूची १ : विद्यालयको नामावली ४८
अनुसूची २ : प्रधानाध्यापकको नामावली ४८
अनुसूची ३ : विद्यालयको निरीक्षकको नामावली ४८
अनुसूची ४ : शिक्षकको नामावली ४८
अनुसूची ५ : लक्षित समूह छलफलमा सहभागी विद्यार्थीको नामावली ४९
अनुसूची ६ : विद्यालय निरीक्षकका लागि अन्तर्वार्ता प्रश्नावली ५०
अनुसूची ७ : प्रधानाध्यापकका लागि अन्तर्वार्ता प्रश्नावली ५१
अनुसूची ८ : शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली ५३
अनुसूची ९ : विद्यार्थीहरूका लागि समूह छलफल निर्देशिका ५५
अनुसूची १० : कक्षा अवलोकन फाराम ५६

## तालिका सूची


| | | | |
|---|---|---|---|
| तालिका नं. १.१ | : | निम्न माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको स्वरूप | ४ |
| तालिका नं. ३.१ | : | सूचना संकलनको सर्वेक्षण ढाँचा | २० |
| तालिका नं. ४.१ | : | सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकको पृष्ठभूमि | २७ |
| तालिका नं. ४.२ | : | पाठ्यक्रम कार्यान्वयनको योजनाको अवस्था | २९ |
| तालिका नं. ४.३ | : | शिक्षक निर्देशिकाको प्रयोग | ३० |
| तालिका नं. ४.४ | : | पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू | ३८ |

## संक्षिप्त शब्दावली

| | | |
|---|---|---|
| **प्र.अ.** | : | प्रधानाध्यापक |
| **नि.मा.वि.** | : | निम्न माध्यमिक विद्यालय |
| **वि.नि.** | : | विद्यालय निरीक्षक |